# मरिण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कपिलाकोट, सिन्धुली

## ३ नं.प्रदेश, नेपाल

पत्र संख्याः - ०७५/०७६ मिति :- २०७५।०९।०३

चलानी नं. :- ४२५

विषय :- प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना ।

श्री सबै सामुदायिक विद्यालयहरु
मरिण गाउँपालिका सिन्धुली ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको वार्षिक स्वीकृत सशर्त कार्यक्रम अनुसार सामुदायिक विद्यालयहरुमा सञ्चालन गरिने तपसीलका कार्यक्रमहरु रहेकाले उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक विगत आ.व.मा जि.शि.का./ शिक्षा विकास तथा समन्वय इकाइ/ गाउँपालिकाबाट यस किसिमको कार्यक्रम प्राप्त नगरेका [redacted] विद्यालयहरुले मिति २०७५/१०/२गते भित्र कार्यालय समयमा प्रस्तावना पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

| क्र. सं. | कार्यक्रम | परिमाण | इकाइ लागत | कैफियत |
|---|---|---|---|---|
| १ | पुस्तकालय स्थापना तथा ब्यवस्थापन फिक्सिङ किताव खरीद तथा (ई-पुस्तकालय समेत) | १ | ६५००००/- | मा.वि.का लागि मात्र |
| २ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग कम्प्युटर इन्टरनेट कनेक्टिभिटि इक्वीपमेण्ट्स तथा सामग्री खरीदका लागि अनुदान | १ | ६५००००/- | मा.वि.का लागि मात्र |
| ३ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६५००००/- | मा.वि.का लागि मात्र |
| ४ | पानी तथा स्वास्थ्य र सरसफाइ सुविधा सहितको शौचालय निर्माण | २ | ७०००००/- | सबै सामुदायिक विद्यालयहरु |
| ५ | विज्ञान गणित अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री अनुदान | १ | ५००००/- | आधारभुत तहको कक्षा ६-८ सञ्चालन भएको विद्यालयका लागि मात्र |
| ६ | उत्कृष्ठ सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरण अनुदान | १ | २०००००/- | मा.वि.का लागि मात्र |
| ७ | तोकिएको सूचकाङ्कका आधारमा कार्यसम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | ५ | ५००००/- | सबै सामुदायिक विद्यालयहरु |
| ८ | शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधी सुधार योजना कार्यान्वयन | ५ | २०००/- | सबै सामुदायिक विद्यालयहरु |

प्रस्तावना साथ पेश गर्नुपर्ने कागजातहरु:

१.विद्यालय ब्यवस्थापन समितिको निर्णय

२.विद्यालयले विद्यालय सुधार योजना निर्माण/अद्यावधिक गरेको, गत आ.व.को सामाजिक परीक्षण सम्पन्न गरेको, विद्यालयको तथ्याङ्क IEMIS बुझाएको र भौतिक पूर्वाधार (कोठा तथा फर्निचर, विद्युत, शिक्षकको तत्परता आदि) भएको भनी सम्बन्धित स्रोतब्यक्तिको सिफारिस-पत्र ।

३.बुँदा नं. ६ को कार्यक्रम सम्बन्धममा शिक्षा तथा मानवस्रोत विकास केन्द्रले प्रकाशित गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५-०७६ को अनुसूची ४ मा उल्लेखित विवरणहरुको विश्लेषण सहितको प्रस्ताव

४.बुँदा नं. ७ को सम्बन्धमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रले प्रकाशित गरेको विद्यालय अनुदान ब्यवस्थापन निर्देशिका २०७४ को अनुसूची ३ वमोजिमको कार्यसम्पादन मूल्याङ्कन फारम भरी समावेश गर्नुपर्नेछ ।

उल्लेखित निर्देशिकाहरु www.doe.gov.np मा गइ Directives मा भेट्न सकिनेछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत